# नेपाली राजदूतावास, अबुधाबी

Tel.: +971-2-6344767 / 6344385, Fax: +971-2-6344469
E-mail : eonabudhabi@mofa.gov.np
Website: www.ae.nepalembassy.gov.np


*Ref.*

## सूचना ।

नेपालका केही शैक्षिक परामर्श केन्द्रहरुले संयुक्त अरब इमिरेट्सका Free Zone हरुमा स्थापित तथा संचालित विभिन्न विश्वविद्यालय, कलेज तथा व्यवसायिक तालिम केन्द्रहरुमा नेपाली विद्यार्थीहरु पठाउने गरेको र ती शैक्षिक संस्थाहरु मध्ये कतिपय मापदण्ड अनुरुप संचालन नभएको, विभिन्न विदेशी विश्वविद्यालयसँग आवद्ध (affiliated) भएको भनिएकोमा त्यस्तो नपाइएको, कलेज तथा व्यवसायिक तालिम केन्द्रहरुको आफ्नै भवन नभएको, केही महिना मात्र भाडामा लिएको apartment मा भौतिक कक्षा संचालन गरी त्यसपछि online कक्षा हुने गरेको, प्रतिबद्धताअनुरुप सेवा सुविधा उपलब्ध नगराएको लगायतका गुनासाहरु प्राप्त भैरहेका छन् ।

यसरी पिडित भएको भनिएका विद्यार्थीहरुले हाल संयुक्त अरब इमिरेट्समा रहनु भएका वा कोर्स पूरा नगरी नेपाल फर्किएका, प्रतिबद्धता अनुसार यु.ए.इ.मा रोजागरी नपाएका, कक्षा संचालन नभएका र नेपालका शैक्षिक परामर्श केन्द्र र मापदण्ड अनुरुप संचालन नभएका भनिएका संयुक्त अरब इमिरेट्सका विश्वविद्यालय, कलेज तथा व्यवसायिक तालिम केन्द्रहरुको गलत सूचना तथा जानकारीका कारण समस्यामा परेका विद्यार्थीहरुको विवरण संकलनका लागि पोर्टल निर्माण गरिदिन अनुरोध प्राप्त भए बमोजिम परराष्ट्र मन्त्रालय, कन्सुलर सेवा विभागले पोर्टल तयार गरेको छ ।

तसर्थ, माथि उल्लिखित वर्गका पीडित विद्यार्थीहरुले तल दिइएको Link or QR Code मा विवरण संकलन फाराम (Information Collection Form) भरी १५ दिनभित्र पेश गर्नुहुन सम्बन्धित सबैमा अनुरोध छ। साथै, विवरण प्राप्त भएपश्चात कार्यालयको प्रयोजनको लागि मात्र उक्त विवरण प्रयोग गरिने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

☞ **फाराम भर्ने लिङ्कः**

- https://docs.google.com/forms/d/1WD-uceZTuA1OdF1GRR_O18-ioyl36wwHJVR25qsGpgl/edit

**नेपाली राजदूतावास, अबुधाबी ।**
**२७ नोभेम्बर २०२५**